# प्रजन्न र मातृ स्वास्थ्य सेवा

सुरक्षित मातृत्व कार्यक्रम मा खासगरी आमा र नवजात शिशु स्याहार सम्बन्धी सेवा उपलब्ध हुन्छ । गर्भवती / सुत्केरी आमा र नवजात शिसुको विरामीदर तथा मुत्युदर कम गर्न निम्न कृयाकलाप गर्न सबैलाई जानकारी गरिन्छ ।

- प्रोटोकल अनुसार ४, ६ ,८ र ९ महिनामा कम्तीमा ४ पटक अनिवार्य गर्भजाँच गराऔं ।
- आफ्नो गर्भ अवधिमा १८० चक्की आईरन तथा एक मात्र जुकाको औषधी अनिवार्य खाऔं ।
- पहिलो गर्भमा २ वटा तथा थप गर्भवती हुँदा १ पटक टि.डी खोप अनिवार्य लगाऔं ।
- सुरक्षित प्रसुती गर्न अनिवार्य सुचीकृत स्वास्थ्य संस्थामा नै जाँऔं/ लैजाऔं ।
- सुत्केरी पछि २४ घण्टा , ३ दिनमा ,७ दिनमा र २९ दिनमा नवजात शिसु र सुत्केरी आमाको स्वास्थ्य जाँच अनिवार्य गरौं ।
- ६ महिना सम्म शिसुलाई शुद्ध आमाको दुध मात्र खुवाऔं ।
- बच्चालाई १५ महिना भित्र रोग विरुद्धको सबै खोप पुरा गराऔं ।
- आफ्ना नानिहरुलाई २ वर्ष भित्रमा अनिवार्य पोषण सम्बन्धी जाँच गराऔं ।